# राक्सिराङ्ग गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ०१, संख्या ०२, मकवानपुर, असार ९ गते, २०८० साल

## भाग १

राक्सिराङ्ग गाउँपालिका

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम राक्सिराङ्ग गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सोही दफाको उपदफा (३) बमोजिम सर्व साधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

**राक्सिराङ्ग गाउँपालिकाको आर्थिक ऐन, २०८०**

संवत् २०८० सालको ऐन नं. ९०

# राक्सिराङ गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावना :**

राक्सिराङ गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम राक्सिराङ गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन २०८० साल श्रावण १ गतेदेखि राक्सिराङ गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पत्ति कर :** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत) :** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल कर :** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल उपर गरिनेछ ।

५. **व्यवसाय कर वा दर्ता शुल्क :** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजिगत लगानी र आर्थिक

कारोवारका आधारमा अनुसूचि (४) बमोजिम कर वा दर्ता शुल्क लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर** : गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरेको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लागइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन कर** : गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असूल उपर गरिनेछ ।

तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन कर** : गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन कर** : गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्क** : गाउँपालिका क्षेत्रभित्र हुने आफूले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही

अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल विटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्क :** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ उपलब्ध गराए बापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **ट्रेकिङ, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्क :** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवापत अनुसूचि (११) बमोजिम शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुर :** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचि (१२) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्क :** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूचि (१३) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाइने र असूल उपर गरिनेछ ।

तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **कर छुट :** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनैपनि किसिमको कर छुट दिइनेछैन ।

१६. **कर तथा संकलन सम्बन्धी कार्यविधि :** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

अनुसूची १

(दफा २ सँग सम्बन्धित)

**सम्पत्ति करका दरहरुः**

| सि.न. | विवरण | दर |
|---|---|---|
| १ | ५ लाख मूल्याङ्कनमा | रु ३०० |
| २ | १० लाख मूल्याङ्कनमा | रु ६०० |
| ३ | ५० लाख मूल्याङ्कनमा | रु २५०० |
| ४ | सो भन्दा माथि प्रति लाख थप | रु ३० |

नोटः सम्पत्ति कर चैनपुर, पलाँसे र प्याङ्चे क्षेत्र एवं व्यावसायिक जग्गामा मात्र लाग्ने ।

एकीकृत सम्पत्ति कर तिरेपछी मालपोत वा भूमिकर लाग्ने छैन ।

अनुसूची २

(दफा ३ सँग सम्बन्धित)

**भूमिकर (मालपोत) का दरहरु**

| सि.न. | विवरण | प्रतिकठ्ठा | प्रति रोपनी |
|---|---|---|---|
| १ | सडकले छोएको जग्गा बार्षिक | रु २० | रु ३० |
| २ | सडकले नछोएको जग्गा बार्षिक | रु १२ | रु २० |

| नोट |
|---|
| १ उल्लेखित दररेट जति भएतापनि जम्मा वार्षिक न्युनतम मालपोत रकम रु ३० लिइने छ । |
| २ कूनै किसानले ४ रोपनी वा ७ कठ्ठा भन्दा बढी जग्गामा व्यवसायिक कृषि गरेको छ भने उक्त किसानलाइ मालपोत रकममा ५०% छुट दिइने छ । |

अनुसूची ३

(दफा ४ सँग सम्बन्धित)

## बहाल करका दरहरु

| सि.न. | विवरण |
|---|---|
| १ | बहाल रकमको १०% ले हुन आउने रकम |
| नोट<br>१ बैङ्क, संघ/संस्था आदिले अनुदान/सुविधा आदि प्रदान गर्दा घर बहाल कर तिरेको निस्सा अनिवार्य पेश गर्नु पर्ने। | |

अनुसूची ४

(दफा ४ सँग सम्बन्धित)

## व्यवसाय कर वा दर्ता शुल्कका दरहरुः

| क.सं. | व्यवसायको किसिम | खुद्रा/लघु/ घरेलु रु. २० लाख सम्म लगानी |
|---|---|---|
| **व्यापारिक बस्तुहरु** | | |
| १. | पान,चुरोट,विडी, सुर्ती जन्य पदार्थको विक्रेता | ५०० |
| २ | मदिरा, वियर, कोल्ड ड्रिक्स | ३००० |
| ३ | नास्ता, खाना सहितको होटल | ५०० |
| ४ | सुनचाँदी पसल गहना बनाउने, प्रशोधन र विक्री गर्ने | २००० |
| ५ | स्टेशनरी तथा पुस्तक | १००० |
| ६ | फर्निचर तथा फर्निसिङ, बेड विस्तारा निर्माण | १००० |
| ७ | मोबाईल, घडी लगायतका इलेक्ट्रोनिक सामान | १००० |
| ८ | कम्प्युटर, फोटोकपी लगायत सो सामान विक्री वितरण गर्ने पसल | ५०० |
| ९ | पेट्रोल पम्प प्रति पम्प | ५००० |
| १० | सवारी  साधन जीप,कार, ठुला सवारी साधन विक्रेता | ५००० |

| | | |
|---|---|---|
| ११ | सवारी साधन, मोटर साईकल, स्कुटर र पार्टस विक्री | १५०० |
| १२ | सवारी मर्मत जीप, कार, बस ठूला सवारी मर्मत | २००० |
| १३ | सवारी साधन मोटर साईकल, स्कुटर मर्मत | १००० |
| १४ | साइकल पसल, तथा मर्मत | १००० |
| १५ | गिफ्ट सप | १००० |
| १६ | टिनको बाकस , फर्निचर | ५०० |
| १७ | बेत, बासको फर्निचर बनाउने | ५०० |
| १८ | एग्रोभेट, भेटिनरी | ५०० |
| १९ | अन्य पसल | १००० |
| **दैनिक उपभोगजन्य लगायत अन्य व्यवसाय** | | |
| २० | कपडा पसल, फेन्सी स्टोर | ५०० |
| २१ | खाद्यान्न किराना पसल | ५०० |
| २२ | भाडा पसल | ५०० |
| २३ | किराना लगायतको घुम्ती पसल | ५०० |
| २४ | खाद्यान्न खरिद विक्री सप्लायर्स | १००० |
| २५ | कपडा सर्टिङ सुटिङ, सिलाई | ५०० |
| २६ | मैनवत्ती उद्योग | १००० |
| २७ | दुग्ध उद्योग, डेरी उद्योग | १००० |

| | | |
|---|---|---|
| २८ | पानी सम्बन्धी उद्योग | ३००० |
| **निर्माण सेवा** | | |
| २९ | हार्डवेयर पसल | १००० |
| ३० | सिमेन्ट र फलामे डण्डी, अलग्गै बिक्र गर्ने | १००० |
| ३१ | शिसा प्लाइउड सनमाईका रंग रोगन तथा स्यानिटरीका सामान वेच्ने | १००० |
| ३२ | बिजुलीका सामानहरु | १००० |
| ३३ | गिटी ढुंगा, बालुवा, इटा | १००० |
| ३४ | काठ मिल | १००० |
| ३५ | वालुवा वासिङ | २५००० |
| ३६ | क्रसर व्यवसाय | ५०००० |
| ३७ | केबुलकार, रोपवे, ट्रलिबस, फलाइङ ब्रिज जस्ता उद्योग | ५००० |
| ३८ | निर्माण उपकरण जे.सि.वी., एक्साभेटर, रोलर, ट्रिपर आदि भाडामा दिने सेवा उद्योग | एक मात्र रु. ५००० |
| ३९ | मिक्सर, थ्रेसर | २००० |
| ४० | ह्युमपाइप, ब्लक, टायल, कुवाको रिङ लगायत निर्माण | २००० |
| ४१ | इटा उद्योग | १०००० |
| ४२ | ह्याचरी उद्योग | १००० |
| ४३ | पोल्ट्री फर्म | १००० |

| | | |
|---|---|---|
| ४४ | माछा पालन | ५०० |
| ४५ | गाई भैसी पालन | ५०० |
| ४६ | बाख्रा, बंगुर लगायत मासुजन्य चौपाया पालन | ५०० |
| ४७ | मासु पसल, माछा पसल | ५०० |
| ४८ | पशु पंक्षी बधशाला | २००० |
| ४९ | तरकारी फलफूल पसल | ५०० |
| ५० | तराकारी फर्म, फलफूल फर्म, फूल उत्पादक फर्म | ५०० |
| ५१ | चामल मिल , च्युरा मिल | ५०० |
| ५२ | तेल मिल | ५०० |
| ५३ | कुटानी पिसानी घरेलु उद्योग | ५०० |
| ५४ | मसला पिस्ने घरेलु उद्योग | ५०० |
| ५५ | नर्सरी फलफूल, फूल, जडिबुटी | ५०० |
| ५६ | चिस्यान केन्द्र (निजी) | २००० |
| ५७ | चिस्या केन्द्र (सामुदायबाट संचालित) | २००० |
| **सेवा उद्योग** | | |
| ५८ | अफसेट प्रेस, फ्लेक्स प्रिन्ट | १००० |
| ५९ | स्क्रिन प्रिन्ट छाप बनाउनेलाई | १००० |
| ६० | डिजिटल फोटोल्याव | १००० |

| | | |
|---|---|---|
| ६१ | फोटो स्टुडियो मात्र | १००० |
| ६२ | फोटोकपी, प्रिन्ट सेवा | १००० |
| ६३ | होटल लज सहितको | २००० |
| ६४ | ट्रक व्यवसाय (संख्या अनुसार) | एकमात्र ट्रक रु. ३००० |
| ६५ | ट्रिपर, जीप, पिक अप मिनि ट्रक, ट्राक्टर | एकमात्र ट्रक रु. ३००० |
| ६६ | पावर ट्रिलर, ट्रली, ठेला गाडी | ५०० |
| ६७ | एफ एम १०० वाटसम्मको | २००० |
| ६८ | स्थानीय पत्रपत्रिका | ५०० |
| ६९ | इन्टरनेट इमेल, साइवर सेवा, टेलिफोन टावर | १५०० |
| ७० | कुरीयर सेवा सञ्चालन | ५०० |
| ७१ | मनिट्रान्सफर, मनी एक्सचेन्जर | २००० |
| ७२ | बैंक तथा वित्तीय संस्थाहरु | २००० |
| **स्वास्थ्य सेवा** | | |
| ७३ | नर्सिङ होम (१० सैया माथि र १० सैया मुनीका) | २००० |
| ७४ | क्लिनिक तथा ल्याब | १००० |
| ७५ | फार्मेसी, औषधी पसल | १००० |
| ७६ | डाक्टर परामर्श सेवा | १००० |

| | | |
|---|---|---|
| ७७ | आवासीय विद्यालय (सामुदायिक विद्यालय बाहेक), | आधारभुत<br>५००० |
| ७८ | मन्टेश्वरी, बाल विकास, प्ले ग्रुपको | २००० |
| ७९ | टिउसन सेन्टर, कोचिङ सेन्टर | १००० |
| ८० | ड्राइभिङ तालिम केन्द्र तथा अन्य प्रशिक्षण केन्द्र | १००० |
| ८१ | व्युटिपार्लर | ५०० |
| ८२ | ग्रिल उद्योग | १००० |
| ८३ | टायर रिसोलिङ | १००० |
| ८४ | हेयर कटिङ | ५०० |
| ८५ | ग्यास लगायत किचनरी सामग्रीहरु | ५०० |
| ८६ | सावुन उद्योग | ३००० |
| ८७ | इन्जिनियरिङ कन्सल्टेन्सी सेवा | ३००० |
| ८८ | सूचना प्रविधि कन्सल्टेन्सी सेवा | ३००० |
| ८९ | अन्य कन्सल्टेन्सी सेवा | ३००० |
| ९० | स्वीमिङ पुल सेवा | ३००० |
| ९१ | नेटवर्किङ, इन्टरनेट सेवा | ३००० |
| ९२ | ट्राभल एजेन्सी | ३००० |
| ९३ | ढलान र सर्टिङ सामान भाडामा दिने | २००० |

| | | |
|---|---|---|
| ९४ | लेखा परीक्षण सेवा | “ग” वा सो भन्दा मुनीको<br>२०००।०० |
| ९५ | कागज फ्याक्ट्री | २००० |
| ९६ | कपडा उद्योग | ३०००।०० |
| ९७ | ह्याण्डी क्राफ्ट | २०००।०० |
| ९८ | गारमेण्ट उद्योग | ३०००।०० |
| ९९ | ट्रली तथा ट्रस उद्योग | ३०००।०० |

अनुसूची ५

(दफा ६ सँग सम्बन्धित)

## जडिबुटी, कवाडी र जीवजन्तु कर

| क.सं. | व्यवसाय विवरण | प्रति के.जी. करका दर रु. |
|---|---|---|
| १ | प्लाष्टिक , कागज आदिमा | १ |
| २ | अन्य कबाडी सबै प्रति | १ |
| ३ | अल्लो, साप्पाट लगायत रेशादार जडीबुटी | २ |
| ४ | च्याउजन्य जडिबुटी व्यापार | १ |
| ५ | सल्लेखोटो व्यवसाय | २ |
| ६ | ऊन व्यवसाय | १ |

| | | |
|---|---|---|
| ७ | जडा तथा अन्य जडीवुटी तथा बनस्पती | २ |
| ८ | अन्य जडिबुटी वा जिवजन्तु करको हकमा बार्षिक रु. ५०० देखि रु. ५००० सम्मको कर गाउँपालिका अध्यक्षस्तरको निर्णयबाट लगाउन सक्ने र सो भन्दा बढी लगाउनुपर्ने व्यवसायमा गाउँ कार्यपालिकाको निर्णयबाट लगाउन सकिनेछ । | |

अनुसूची ६

(दफा ७ सँग सम्बन्धित)

## सवारी साधन कर

| सि.न. | विवरण | दर |
|---|---|---|
| १ | बस, ट्रक, ट्रिपर दर्ता तथा नविकरण शुल्क | रु २००० |
| २ | जिप कार दर्ता तथा बार्षिक नविकरण | रु ५०० |
| ३ | मिनिबस, माइक्रोबस दर्ता तथा बार्षिक नविकरण | रु ८०० |
| ४ | अटो दर्ता तथा बार्षिक नविकरण | रु १००० |
| ५ | हेभि इक्युपमेन्ट दर्ता तथा बार्षिक नविकरण | रु २००० |

अनुसूची ७

(दफा ८ सँग सम्बन्धित)

# विज्ञापन करका दरहरु

| क.सं. | विज्ञापनका माध्यम | करको दर (प्रति वर्ग फिट रु.) |
|---|---|---|
| १ | होडिङवोर्ड प्रति वर्गफिट | १५।०० |
| २ | भित्ते लेखन | १०।०० |
| ३ | तूल व्यानर, फेलेक्स (प्रति हप्ता) | ५।०० |
| ४ | माइकिङ, प्रचार (प्रति दिन) | ५००।०० |
| ५ | अस्थायी गेट निर्माण -प्रति गेट) | १००।०० |

१. स्वीकृत मादक पदार्थ र धुम्रपान व्यवसायको विज्ञापनमा उपरोक्त दरमा २५ प्रतिशत थप कर लाग्नेछ ।

२. सार्वजनिक महत्वका जनचेतना वृद्धि गर्ने र सरकारी कार्यालयबाट राखिएका उपरोक्तानुसारका सामग्रीमा कर लाग्ने छैन ।

अनुसूची ८

(दफा ९ सँग सम्बन्धित)

# मनोरञ्जन करका दरहरु

| क्र.सं. | व्यवसाय विवरण | करको दर |
|---|---|---|
| १ | सिनेमा हल प्रतिबर्ष | ५०००।०० |
| २ | केबुल लाईन | ३०००।०० |
| ३ | ३ डि सिनेमा हल | ८०००।०० |
| ४ | रमाइलो मेला प्रति दिन | १०००।०० |
| ५ | कन्सर्ट, दोहोरी गित आदि प्रति पटक | १०००।०० |
| ६ | पिकनिक स्पट | ५००।०० |
| ७ | चलचित्र वा टेली चलचित्र सुटिङ्ग | |
| | नेपाली | १०००।०० |
| | विदेशी | २०००।०० |

अनुसूची ९

(दफा १० सँग सम्बन्धित)

## बहाल विरौटी शुल्कका दरहरु

| सि.न. | विवरण | दर |
|---|---|---|
| | **अस्थाई हाट बजार वा घुम्ती पसल** | |
| १ | टोकरी पाच केजी सम्मको | रु १० |
| २ | टोकरी पाच केजी भन्दा बढीको | रु १५ |
| ३ | साइकल,मोटरसाइकल,अटो रिक्सा तथा इ रिक्सामा | रु २५ |

| | | |
|---|---|---|
| | तरकारी | |
| ४ | पिकअप भ्यान,ट्र्याक्टर तरकारी | रु २५० |
| ५ | माछा पसल | रु २० |
| ६ | कृषिजन्य समाग्री पसल | रु २० |
| ५ | रेडीमेड कपडा पसल | रु ५० |
| ७ | खसि प्रति गोटा | रु ३० |
| ८ | पाडा प्रति गोटा | रु ५० |
| ९ | कुखुरा प्रति गोटा | रु ३० |
| १० | सुंगुर प्रति गोटा | रु १०० |
| ११ | खाजा, जुस, मिठाइ लगायत अन्य भोजनालय | रु ५० |
| १२ | फलाम पसल | रु २० |
| १३ | भाडाकुडा पसाल | रु ४० |
| १४ | सुर्तिजन्य खुद्र पसल | रु २० |
| १५ | घरेलु सामान मर्मत पसल | रु ३० |
| १६ | शैलुन पसल | रु ३० |
| १७ | फलफुल तथा तरकारी विक्रेता | रु ३० |

| | | |
|---|---|---|
| १८ | खाद्यन्न पसल | रु ३० |
| १९ | खानेतेल, मट्टितेल पसल | रु २० |
| २० | बेकरी समान विक्रेता | रु ४० |
| २१ | पानीपुरी, चटपटे,आइसक्रिम,चिया पसल | र ५० |
| २२ | जुत्ता चपल पसल | रु ५० |
| २३ | कृषि बिउ बिजन तथा बिषाधी पसल | रु ५० |
| २४ | इलेक्ट्रिक तथा इलेक्ट्रोनिक पसल | रु १०० |

अनुसूची १०

(दफा ११ सँग सम्बन्धित)

## पार्किङ शुल्क

| क्र.सं. | सवारी साधनको किसिम | पार्किङ शूल्क प्रति पटक |
|---|---|---|
| १ | बस, ट्रक, मिनिबस, हेभी गाडी | ५०।०० |
| २ | ट्रिपर, मिनी ट्रक, पिकअप, माईक्रो, भ्यान, जिप, कार, ट्याक्सी, | २०।०० |
| ३ | मोटर साईकल, स्कुटर, पावरट्रिलर | ५।०० |

अनुसूची ११

(दफा १२ सँग सम्बन्धित)

# ट्रेकिङ, क्यानोइङ, प्यारा ग्लाइडिङ, वञ्जिजम्प, जिपफ्लायर, र्‍याफ्टीङ

| क्र. सं. | विवरण | करको दर |
|---|---|---|
| १ | ट्रेकिङ (प्रति व्यक्ति) | १०० |
| २ | प्यारा ग्लाइडिङ (प्रति पटक) | १०० |

अनुसूची १२

(दफा १३ सँग सम्बन्धित)

# सेवा शुल्क दस्तुर

| सि.न. | विवरण | दर |
|---|---|---|
| **नक्सा पास दस्तुर** | | |
| १ | नक्सा पासको निवेदनको किताब | रु ५०० |
| २ | नक्सापास वेशमेन्ट भुइ तल्ला देखि पाच तल्ला सम्म (प्रति वर्ग फूट) | रु ३ |
| ३ | नक्सा नामसारी दस्तुर | रु ५०० |
| **गाउँपालिका क्षेत्रमा घर पर्खाल बनाउन नक्सापास गरिपाउ भनि दिएको निवेदन बमोजिम नक्साको आधारमा (घर पर्खाल/टहरा बनाउन अनुमति नक्सापास गरिदिदा) देहाय बमोजिमको दस्तुर लिइने छ ।**<br><br>**नोटः- प्रत्येक तल्लाका लागि माथिको दररेटमा १०% का दरले थप दस्तुर लाग्ने छ ।** | | |

| | | |
|---|---|---|
| १ | घर नक्साको प्रतिलिपी माग भएमा प्रति सेट | रु ५०० |
| २ | पर्खालको नक्साको प्रतिलिपि | रु ५०० |
| **बस्तुगत विवरण प्रमाणित दस्तुर (घरगोठ नभएको)** | | |
| १ | जग्गाको क्षेत्रफल पहिलो १० कठ्ठा वा ६.५ रोपनी सम्म | रु २५० |
| २ | जग्गाको क्षेत्रफल पहिलो १० कठ्ठा वा ६.५ रोपनी भन्दा माथि | रु ५०० |
| **कान्जी हाउस दस्तुरः गाउपालिका क्षेत्रभित्र पशुपंक्षी छाडा भै बाली विरुवा नोक्सानी गरेको वा गर्ने सम्भावना देखीएमा त्यस्ता पशुपंक्षीहरुई गाउपालिकाले कान्जि हाउसमा थुनी राखिदिने । समातेर ल्याएको भोलि दिनसम्म तोकिए बमोजिम दस्तुर र भोलिपल्टसम्म सम्बन्धित ब्यक्ति फिर्ता लिनआएमा पहिलो दिनको दस्तुरमा दोब्बर दस्तुर जरिवाना लिई छाडिने छ ।** | | |
| १ | बंगुर,सुंगुर आदिमा १ वटाको जरिवाना प्रति दिनको | रु ५० |
| २ | गाइ, गोरु, रांगा, भैसी आदिमा १ वटाको जरिवाना प्रति दिनको | रु १०० |
| ३ | खसी बाख्रा आदिमा १ वटाको जरिवाना प्रति दिनको | रु २० |
| **काठको सिफारिस दिँदा (वातावरण सम्बर्द्धन शुल्क)** | | |

| | | |
|---|---|---|
| १ | जर्ना प्रति ट्रिप | रु २००० |
| **सामुदायिक वनबाट निकासी हुने काठहरुमा सिफारिस दस्तुर** | | |
| | सामुदायिक वनबाट निकासी हुने काठहरुमा सिफारिस दस्तुर प्रति क्यू फिट | रु २० |
| | उपभोक्ता समितिलाइ प्रति क्यु फिट | रु १० |
| | सामुदायिक वनबाट निकासी हुने कुकाठहरुमा सिफारिस दस्तुर | रु ५ |
| | सामुदायिक बनबाट उत्पादन भै खपत हुने कुकाठ (उपभोक्ता समितिका लागि) प्रति क्यु फिट | रु ५ |
| | उपभोक्ता समितिलाई प्रति क्यु फिट | रु १० |
| | | |

| | | |
|---|---|---|
| **सिफारिश दस्तुर रु.** | | |
| १ | नाता प्रमाणित | २०० |
| २ | घरजग्गा नामसारी र अन्य मालपोत सम्बन्धी सिफारिस | १५० |
| ३ | घर पाताल / घर कायम प्रमाणित | २०० |
| ४ | घरबाटो प्रमाणित | २०० |
| ५ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिश | १०० |

| | | |
|---|---|---|
| ६ | मोही लगत कट्टा सिफारिश | १०० |
| ७ | पति पत्नीको सम्बन्ध बिच्छेदको सिफारिस | १०० |
| ८ | अविवाहित प्रमाणित | २०० |
| ९ | विवाह प्रमाणित | १०० |
| १० | पेन्सन कार्ड वा सो सम्बन्धी अन्य सिफारिस | |
| | (क) नेपालको लागि | २०० |
| | (ख) भारतको लागि | ५०० |
| | (ग) अन्य मुलूकको लागि | १००० |
| ११ | हकवाला संरक्षण सम्बन्धी सिफारिस (व्यक्ति, संस्था) | १०० |
| १२ | हकवाला वा हकदार प्रमाणित | १०० |
| १३ | कागज मञ्जुरीनामा प्रमाणित | १०० |
| १४ | संघ संस्था दर्ता सम्बन्धी सिफारिस | २०० |
| १५ | निजी विद्यालय दर्ता वा स्तर बृद्धि, कक्षा वृद्धि | |
| | (क) पुर्व प्राथमिक र मन्टेश्वरी | १०००।०० |
| | (ख) आधारभूत विद्यालय | १०००।०० |
| | (ग) माध्यामिक | १५००।०० |
| | विद्यालय ठाउंसारी सिफारिश | |
| | (क) पूर्व प्राथमिक र मन्टेश्वरी | ५००।०० |

| | | |
|---|---|---|
| १६ | (ख) आधारभूत विद्यालय | ७००।०० |
| | (ग) माध्यामिक | १०००।०० |
| १७ | काठ दाउराको सिफारिस, काठ व्यवसायिक कारोबार सिफारीस प्रति वोट (कुकाठ)/ व्यवसायिक काठ | ५००।०० |
| १८ | बैदेशिक प्रयोजनको लागि अंग्रेजी सिफारिश प्रमाणीकरण/कन्सुलर प्रमाणित | ५०० |
| १९ | वंशजको नागरिकता सम्बन्धी सिफारिस | १०० |
| २० | अंगिकृत नागरिकता सम्बन्धी सिफारिस | ५०० |
| २१ | नाम फरक भएको एकै व्यक्ति हो भन्ने सिफारिस | १०० |
| २२ | व्यक्तिगत विवरण सिफारिश | १०० |
| २३ | चार किल्ला प्रमाणित सिफारिस (एक कित्ता भन्दा बढी भएमा थप कित्ताको प्रति कित्ता रु. ५०।०० थप) | २०० |
| २४ | सनाखतको सिफारिस | १०० |
| २५ | जन्म, मृत्यु, जीवित रहेको सम्बन्धी प्रमाणित/ सिफारिश | १०० |
| २६ | स्थायी बसोबास, बसाई सराई सम्बन्धी सिफारिस/ प्रमाणित | |
| | (क) स्वदेशमा बसोबास | १०० |
| | (ख) भारतमा बसोबास | २०० |

| | | |
|---|---|---|
| | (ग) अन्य मुलुक | ५०० |
| २७ | नाम, थर, जन्म मिति संशोधन सिफारिस /प्रमाणित | १०० |
| २८ | सर्जमिन मुचुल्का | २०० |
| २९ | अमिन शुल्क प्रति कित्ता | ५०० |
| ३० | विद्युत जडान सम्बन्धी सिफारिस | |
| | क) टुफेज | १०० |
| | ख) थ्रिफेज | २०० |
| ३१ | टेलिफोन जडान,नामसारी, ठाउसारी सम्बन्धी सिफारिस | १०० |
| ३२ | निजी धारा जडान,नामसारी, ठाउसारी सम्बन्धी सिफारिस | १०० |
| ३२ | चारित्रिक सिफारिस | १०० |
| उद्योग स्थापना, ठाउंसारी, नामसारी सिफारिश | | |
| ३४ | पेट्रोल, डिजेल, मट्टितेल पम्पको लागि | ५००० |
| ३५ | अटो मोबाइल, अटो वर्कसपको लागि | १००० |
| ३६ | फर्निचर उद्योग | १००० |
| ३७ | अन्यको लागि सर्जमिन समेत | १००० |
| ३८ | घरेलुमा दर्ता भै प्रा.लि. को सिफारिसका लागि | १००० |
| ३९ | भवन निर्माणको साधारण स्वीकृति सम्बन्धी सिफारिस | १०० |

| | | |
|---|---|---|
| ४० | छात्रवृत्ति सम्बन्धी सिफारिस स्वदेश | निशुल्क |
| ४१ | छात्रवृत्ति सम्बन्धी सिफारिस विदेश | निशुल्क |
| | अपुताली सम्बन्धी सिफरिश | |
| | (क) नेपाल भित्रको | ५०० |
| | (ख) विदेशको | १००० |
| ४२ | विपन्न विद्यार्थी भएको सिफारिश | निशुल्क |
| ४३ | विपन्न सिफारिश | नि:शूल्क |
| ४४ | अपाङ्ग सिफारिश | नि:शूल्क |
| ४५ | नि:शूल्क वा सशूल्क उपचार सिफारिश | नि:शूल्क |
| ४६ | जेष्ठ नागरिक सिफारिस | नि:शूल्क |
| ४७ | जन्म मिति प्रमाणित | १०० |
| ४८ | अस्थायी/स्थायी बसोबास सिफारिश | १०० |
| ४९ | व्यवसाय बन्द, सञ्चालन नभएको सिफारिश | २०० |
| ५० | व्यापार व्यवसाय नभएको सिफारिश | १०० |
| ५१ | कोर्ट फि मिनाहा सिफारिश | नि:शूल्क |
| ५२ | नाबालक परिचयपत्र सिफारिश | १०० |
| ५३ | चौपाया लिनेदिने सम्बन्धी सिफारिश | १०० |
| ५४ | सिफारिस लगायत प्रतिलिपी | १५० |

| | | |
|---|---|---|
| ५५ | गैर समाजिक संघसंस्था दर्ता सिफारिस वा सुचिकृत | ३००० |
| ५६ | धार्मिक क्षेत्रहरुको दर्ता वा सुचिकृत दस्तुर | १००० |
| **अन्य सिफारिस कागजको** | | |
| ५७ | भवन निर्माण दरखास्त फाराम | २०० |
| ६१ | घरपालुवा कुकुर दर्ता र नवीकरण दस्तुर | २०० |
| ६२ | मिलापत्र दस्तुर पक्ष प्रतिपक्ष | ५०० |
| ६३ | योजना माग, सम्झौता रनिङ विल भुक्तानी सिफारिश | २०० |
| नोट: आर्थिक सहायता, दीन दु:खीहरुको हकमा अध्यक्ष/ वडाध्यक्षको तोक आदेश अनुसार सिफारिश दस्तुर मिनाहा गर्न सकिनेछ । साथै गाउँपालिकाबाट प्रदान हुने अनुदान प्राप्त गर्न दिइने सिफारिसमा शुल्क सिफारिस शुल्क लाग्ने छैन। | | |
| **सम्पत्ति /आम्दानी प्रमाणित** | | |
| १. | अचल सम्पत्ति मूल्याङ्कन दस्तुर प्रति लाख दस्तुर (रु. ५०००० नबढ्ने गरी) | २५०।०० |
| गाउपालिकाले मूल्यांकन गरेको सिफारिसको पुन:नवीकरण गर्नुपर्दा जुन प्रयोजनका लागि गरिएको हो सोका लागि लाग्ने दस्तुरको ५ प्रतिशत राजश्व लिइनेछ । | | |

**राक्सिराङ्ग गाउँ सभाको चौधौं अधिवेशनबाट मिति २०८० असार ०९ गते स्वीकृत भएको उपरोक्त अनुसारको "राक्सिराङ्ग गाउँपालिकाको आर्थिक ऐन, २०८०" स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २१ वमोजिम प्रमाणित गर्दछु ।**

**राजकुमार मल्ल**
**गाउँपालिका अध्यक्ष**
**मिति : २०८०।०३।०९**